बेलवारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेलवारी, मोरङ

१ न.प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

सूचना नं. ०८ (प्रथम पटक प्रकाशित मिति : (२०७५।०१।२३)

यस कार्यालयबाट चालु आ.व. २०७४/०७५ को यस न.पा. र सडक बोर्ड नेपालको संयुक्त लगानीमा संचालन हुन स्विकृत तपसिलमा उल्लेखित निर्माण कार्य गराउनु पर्ने भएकोले ईच्छुक ईजाजत पत्र प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र/दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरु:

१.ईच्छुक योग्यता पुगेका **दरभाउपत्रदाताहरुले** सुचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि तपसिल बमोजमिको नगदै तिरी नगदी रसिदका साथ आ.ब. २०७४।०७५ को लागी नबीकरण भएको ईजाजत पत्र, स्थायी लेखा नम्बर तथा मू.अ.कर दर्ता प्रमाणपत्र र आ.ब. २०७३।०७४ को कर चुक्ता गरेको पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी दरभाउपत्र यस कार्यालयको शहरी पूर्वाधार विकास शाखा बाट खरीद गर्न सकिनेछ ।

२. **शिलबन्दी दरभाउपत्रहरु** सुचना प्रकाशित भएको मितिले १६ औं दिन **दिनको १२.००** बजे भित्र कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । प्राप्त दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे कार्यालयका प्रतिनिधि, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा नियमानुसार खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि उक्त दरभाउपत्रहरु खोल्न वाधा पर्ने छैन ।

३. दरभाउपत्र साथ तपसिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक लि. बेलवारी शाखा स्थित **धरौटी खाता नं. २४३०३०३००७१०३ मा** दाखिला गरेको सक्कल भौचर वा कम्तीमा ७५ दिनको म्याद भएको दरभाउपत्र कागजातमा दिईएको नमूना अनुसारको शर्तहरु उल्लेख गरी मान्यता प्राप्त "क" बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल विड वण्ड (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।

४.दरभाउपत्र भर्दा प्रत्येक आईटमको दररेट अंक र अक्षरमा स्पष्ट हुने गरि लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. रित नपुगी वा म्याद नाघी आएका बोलपत्र /दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

६. दर्ता भएका बोलपत्र/ दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्विकृत गर्ने वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. दरभाउपत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना, सम्पर्क फोन नं., फ्याक्स नं. स्पष्टसँग लेख्नु पर्नेछ ।

८. दरभाउपत्र पेश गर्दा खामको बाहिर माथी कामको विवरण लेखि तल यस कार्यालयको नाम लेख्नु पर्नेछ ।

९. ३० **बैशाख २०७५ दिनको** २.०० बजे बोलपत्र र दरभाउपत्र पेश गर्नु पूर्वको (Pre-Bid meeting) सम्पुर्ण ईच्छुक दरभाउपत्रदाताहरुको उपस्थितिमा हुनेछ ।

१०. खरीद कार्रबाहीमा भाग लिन अयोग्य छैन भन्ने सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम (२) को ङ बमोजिमको दरभाउपत्रदाताले स्वंयम धोषणा पत्र पेश गर्नु पर्नेछ ।

११. यस सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ । र यस कार्यालयको वेभसाईट http:/www.belbarimun.gov.np मा समेत हेर्न सक्नु हुनेछ ।

१२ दरभाउपत्र खरीद र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन खरीद तथा दर्ता गरिनेछ ।

१३.यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामवली २०६४ तथा प्रचलित अन्य कानुन बमोजिम हुनेछ ।

तपसिल

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम रु. (भ्याट बाहेक) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर | खरिद प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | BM/MOR/RBN/W /SQ 10 - 074.075 | माझीगाँउ पोखरीया सडक मर्मत गर्ने कार्य | १३३८२१२।७१ | ३३५००।०० | १००० | दरभाउपत्र |